आज मिति २०७८ साल पौष १९ गते सोमबार सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा १०९ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| | श्री नविन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| | श्री लक्ष्मी पोखरेल | नगर कार्यपालिका सदस्य | |
| | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

उपस्थिति

| नाम थर | पद | दस्तखत |
|---|---|---|
| दिवाकर [illegible] | प्रमुख प्रशासकीय अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७८/०९/१९ गतेको १०९ औं बैठकका निर्णयहरु:

निर्णय नं १

यस कार्यपालिकाको मिति २०७८ पौष १४ गतेको १०८ औं बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । सो बैठकमा १९ ओटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

निर्णय नं २

नगरकार्यपालिकाको मिति २०७८।०९।१४ गतेको निर्णय नं १५ अनुसार साबिक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुको सेवा व्यवस्थापन गर्नका लागि स्थानीय सेवा व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा विधायन समितिमा पठाउने निर्णय भएकोमा सो समितिबाट उक्त विधेयक छलफल भई पेश भयो । उक्त विधेयक उपर दफावार छलफल गरी आवश्यक ससोधन सहित नवौ नगरसभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

नगरकार्यपालिकाको विधायन समितिबाट छलफल भई आवश्यक संसोधनका लागि पेश भएका तपशिलका ऐनहरुको देहाय बमोजिमको संसोधनका सम्बन्धमा छलफल भयो । उक्त संसोधन विधयक उपर छलफल गरी आवश्यक ससोधन सहित नवौ नगरसभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

तपशिल :

क)सुन्दरबजार नगरपालिकाको नगर शिक्षा ऐन,२०७५ को संसोधन गर्न बनेको विधेयक २०७८ ।

ख)सुन्दरबजार नगरपालिकाको सहकारी ऐन,२०७५ को संसोधन गर्न बनेको विधेयक २०७८ ।

निर्णय नं ४

निर्णय नं २ र ३ अनुसार निर्णय भएका विभिन्न विधेयकहरु नगरसभामा पेश गर्न कार्यपालिका सदस्य एवं विधायन समिति संयोजक श्री सुरेश कुमार दुरालाई तोक्ने निर्णय गरियो ।

निर्णय नं ५

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व २०७८।०७९ को वार्षिक कार्यक्रम अनुसार कृषि बजार पूर्वाधार निर्माण तथा सहयोग शिर्षक अन्तर्गत कृषि उपज संकलन केन्द्र निर्माणको लागि रु २५,००,०००(अक्षरुपी पच्चिस लाख रुपैया मात्र) विनियोजन भएकोमा सु.न.पा ६ स्थित खत्रिठाँटीमा कृषि उपज संकलन केन्द निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

आ.व ०७७।७८ मा यस नगरपालिकाको नगर प्रोफाईल निर्माणको लागि क्रमागत योजना अन्तर्गत सम्झौता भइ यस आ.व मा कार्य सम्पन्न भएको हुँदा सम्झौता अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ :

सुन्दरबजार नगरपालिका वडा नं ९ मा संचालित जागरण सामुदायिक सूचना तथा संचार सहकारी संस्था लि. को मिति २०७८।०९।१९ गतेको पत्र तथा वडा नं ९ को च.नं ७४२ मिति २०७८।०९।१९ गतेको सिफारिस अनुसार सो संस्थाको नाममा कि.नं ३४५२ र ३४५४ मा गरी जम्मा ०-४-२-० रोपनी क्षेत्रफल जग्गा रहेको र उक्त जग्गामा सो संस्थाको भवन निर्माणको लागि आवश्यक बजेट माग गर्न सम्बन्धित निकायमा माग तथा सिफारिस गरिदिन कार्यपालिकाको बैठकमा समेत निर्णय गरी दिनुहुन भनी लेखी आएको हुँदा सम्बन्धित निकायमा बजेट माग गर्नको लागि सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :

सुन्दरबजार नगरपालिका वडा नं ६ मा नमुना सामुदायिक अस्पताल संचालनमा रहेको र उक्त अस्पताल बस्ती भन्दा छुट्टै ठाउँमा रहेको । अस्पतालको तल्लो तला र माथिल्लो तलाको लागि बाटो पनि छुट्टा छुट्टै रहेको । कोभिड १९ को सुरुवात देखी नै उक्त अस्पताललाई जिल्लाकै क्वारेन्टाइन र आईसोलेसनका रुपमा प्रयोग गर्दै आइरहेको । हाल बिरामीहरुको चापको कारण प्रशासनिक काम,अस्पताल संचालन र कर्मचारी आवास समेतका लागि भवनमा सबै कार्य संचालन गर्न कठिनाई रहेको हुँदा थप नयाँ भवनको निर्माण गर्नुपर्ने अवस्था रहेकोले नयाँ भवन निर्माणका लागि सम्बन्धित निकायमा बजेट माग गर्नको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ९

यस नगरपालिकामा करार सेवामा कार्यरत विभिन्न सेवाका कर्मचारीहरुको करार सेवा अवधि मिति २०७८।०९।३० मा समाप्त हुने भएकोमा कार्यरत कर्मचारीहरुको सेवा करार अवधि २०७९ असार मसान्त सम्म नविकरण गर्नको लागि नगरसभा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १०

क) मिति २०७८।०७।१३ गते बसेको १०६ औं कार्यपालिका बैठकको निर्णय नं ५ मा निर्णय भए बमोजिम यस नगरपालिका अन्तरगत पशु सेवा शाखामा पशुपंक्षिको लागि सेवाग्राहीहरुले औषधि माग गर्दा आवश्यकता भन्दा बढी माग गर्ने र सो को पूर्ण उपयोग नहुने तथा कार्यालयमा अन्य सेवाग्राहिहरुले औषधि माग गर्दा अपुग हुने देखिएको । साथै उपचारार्थ आएका पशु पंक्षीहरुको दर्ता शुल्क र पोष्ट मार्टम शुल्क समेतलाई व्यवस्थित गर्न तपशिल बमोजिम शुल्क कायम गर्ने निर्णय भए बमोजिम नगरसभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | विवरण | प्रति पशु दर्ता शुल्क रु | कैफियत |
|---|---|---|---|
| १ | गाई/भैसी | १० | |
| २ | भेडा/बाखा | ५ | |
| ३ | हाँस /कुखुरा | १ | |
| ४ | घोडा/खच्चड | २० | |
| ५ | कुकुर/बिरालो | २० | |
| ६ | गाई,भैसी, भेडा,बाखा, घोडा,खच्चड, कुकुर,बिरालो पोष्ट मार्टम | १०० | |
| ७ | हाँस,कुखुरा पोष्ट मार्टम | १० | |
| ८ | कृत्रिम गर्भाधान(गाई,भैंसि,बाखा) | २५ | |

ख) मिति २०७८।०७।१३ गते बसेको १०६ औं कार्यपालिका बैठकको निर्णय नं नं ६ अनुसार नगरपालिकाको प्रशासनिक भवनको सभा हल सरकारी कार्यालय वा निकाय बाहेक अन्य संघ संस्थाले प्रयोग गर्दा प्रतिदिनको रु१५००।(अक्षरुपी पन्ध्र सय मात्र) सरसफाई शुल्क बापत लिने भनी गरिएको निर्णय नगरसभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

ग) मिति २०७८।०४।०७ गते बसेको १०२ औं कार्यपालिका बैठकको निर्णय नं १६ अनुसार बिलम्ब शुल्क सम्बन्धमा कुनै पनी संघ संस्था समिति व्यवसायीक फर्मले ताकिएको समयसिमा भित्र नविकरण गर्न नआएको सम्बन्धमा बिलम्ब शुल्क बापत आ.व सुरु भए पश्चात असोज मसान्त सम्म नविकरण दस्तुर मात्र लिने ,असोज मसान्त देखि पौष मसान्त सम्म बिलम्ब शुल्क रु १०० मात्र लिने र माघ १ गते देखि असार मसान्त सम्म रु २५० र बर्ष पुरा भएपछि जति नविकरण दस्तुर छ त्यति नै बिलम्ब शुल्क लिने निर्णय नगरसभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

घ) मिति २०७८।०५।१७ गते बसेको १०४ औं कार्यपालिका बैठकको निर्णय नं ९ अनुसार टेम्पो,अटो रिक्सा र रिक्सा व्यवस्थापन कार्यविधि,२०७८ उपर दफावार छलफल गर्दा उपयुक्त देखिएकोले सो कार्यविधिमा उल्लेख भए बमोजिम दर्ता कर तथा शुल्क नगरसभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ११

राष्ट्रिय योजना आयोगको मिति २०७८।०८।२४ गतेको सूचना अनुसार आ.व २०७९।८० मा कार्यान्वयन हुने विशेष तथा समपुरक योजनाको लागि प्रस्ताव माग गरेकोमा तपशिल अनुसारको योजना समपुरक योजना अन्तर्गत रु ५०,००,०००। सम्म नगरपालिकाले वेहोर्ने गरि पेश गर्ने निर्णय गरियो ।

क)सु.न.पा ८ मा भारती सदन लिंगेडाँडा हुदै रामदी पेट्रोल पम्प मोटरबाटो स्तरोन्नति ।

निर्णय नं १२

राष्ट्रिय योजना आयोगको मिति २०७८।०८।२४ गतेको सूचना अनुसार आ.व २०७९।८० मा कार्यान्वयन हुने विशेष तथा समपुरक योजनाको लागि प्रस्ताव माग गरेकोमा तपशिल अनुसारको योजना विशेष योजना अन्तर्गत राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

क)सुन्दरबजार नगरपालिका वडा नं ११ मा रहेको ऐतिहासिक सिन्दुरे ढुङ्गालाई संरक्षण एवं सुरक्षाको लागि तारबार निर्माण गर्ने,ऐतिहासिक स्वरुपमा परिवर्तन नहुने गरि पार्क निर्माण ।

ख)सुन्दरबजार नगरपालिका वडा नं ३,वडा १० र वडा नं ११ मा रहेको अल्पसंख्यक दुरा जाति र दलित बस्तीमा कृषि उत्पादन र अन्य

पशुपालन पकेट क्षेत्र बनाई आय आर्जनमा बृद्धि गर्नका लागि कृषि तथा पशुपालन पकेट क्षेत्र निर्माण ।

निर्णय नं १३

यस नगरपालिकाका नगर उपप्रमुख श्री ज्ञानु शाह ज्यूको औषधी उपचारमा लागेको खर्च रु २१,३८४ ।(अक्षरेपी एक्काईस हजार तीन सय चौरासी) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १४

आ.व २०७८।७९ मा सुन्दरबजार सहलगानी खानेपानीको लागि विनियोजन गरीएको रु ६०,००,०००।(अक्षरुपी साठी लाख मात्र) सम्बन्धित समितिको खातामा जम्मा गर्न नवौं नगर सभामा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १५

यस नगरसभा सदस्यहरु विभिन्न पालिकामा भएका असल अभ्यासहरुको अध्ययन अवलोकन गर्नको लागि भ्रमण जानु पर्ने भएको हुँदा उक्त कार्यको लागि तयारी गर्न तपसिल अनुसार तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक :रघुनाथ मिश्र<br>
सदस्य :अमृत न्यौपाने<br>
सदस्य :मोति प्रसाद गुरुङ<br>
सदस्य : जय बहादुर अधिकारी<br>
सदस्य :लक्ष्मी पोखरेल<br>
सदस्य : शान्ता भुजेल<br>
सदस्य : चन्द्रमा घिमिरे<br>
सदस्य : भवानी के.सी<br>
सदस्य : बुद्ध कुमारी सुवर्णकार

निर्णय नं १६

बजेट तथा कार्यक्रम संसोधन सम्बन्धमा

क)शिक्षा प्रविधि उपकरण शिर्षकमा विनियोजन भएको रु २०,००,०००। प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि लागत साझेदारी शिर्षकमा रुपान्तरण गर्ने निर्णय गरियो र शिक्षा प्रविधि उपकरण हस्तान्तरण शिर्षकमा रु ३,५०,०००। मात्र बैंक मौज्दात रकमबाट खर्च व्यहोर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

ख) नगरपालिकामा सिर्जना भएको शिक्षक दरबन्दी मिलान कार्यमा सहयोग गरी स्वेच्छिक अवकाश लिने शिक्षकहरुलाई प्रोत्साहन वापत प्रति शिक्षक रु १,१०,०००। का दरले १५ जना शिक्षकको जम्मा रु १६,५०,०००। शिक्षक प्रोत्साहन सुविधा शिर्षकमा बैंक मौज्दात रकमबाट खर्च व्यहोर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

ग)वडा नं ११ को वडा कार्यालय भवन निर्माणको लागि ल.ई अनुसार रु ८०,००,०००। लाग्ने देखिएको । सो कार्यका लागि यस आ.व.मा बजेट अपुग हुने देखिएकोले भवन निर्माण कार्यलाई निरन्तरता दिदै क्रमागत योजनामा रुपान्तरण गर्ने निर्णय गरियो ।

घ) मिति २०७८।०९।१४ गतेको १०८ औं कार्यापालिका बैठकको निर्णय नं १३ अनुसार आ.व २०७८।७९ को वार्षिक कार्यक्रम अनुसार सामुदायिक भवनहरु निर्माण शिर्षकमा रु १०,००,०००।(अक्षरुपी दश लाख रुपैँया मात्र) विनियोजन भएकोमा सो शिर्षकलाई सामुदायिक भवनहरु निर्माण,स्तरोन्नति वा मर्मत शिर्षकमा संसोधन गर्नको लागि नगरसभामा पेश गर्ने निर्णय सम्बन्धमा। संसोधित शिर्षकको रकम तपशिल बमोजिम योजना/कार्यक्रमहरुमा विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

- सु.न.पा ५ मा रहेको घुमाउने आमा समुहलाई रु१,००,०००(अक्षरुपी एक लाख मात्र)
- सु.न.पा ११ मा रहेको काउरेपानी देवी आमा समुहलाई रु १,००,००० ( अक्षरुपी एक लाख मात्र)
- सु.न.पा ७ मा रहेको आदर्श आर्य समाजलाई रु ३,००,०००(अक्षरुपी तिन लाख मात्र)
- सु.न.पा १ मा रहेको कालिका गुठीलाई रु ३,००,०००(अक्षरुपी तिन लाख मात्र)
- सु.न.पा ६ मा रहेको दुरा समाजलाई रु २,००,०००(अक्षरुपी दुई लाख मात्र)

निर्णय नं १७

नगरकार्यपालिकाको मिति २०७८।०९।१४ गतेको निर्णय नं ३ अनुसार जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५को दफा ४ उपदफा १ को खण्ड क बमोजिम प्रशासकीय भवनको, कम्पाउन्ड वाल,क्यारी,चौकिदार भवन,ट्रस सहितको पार्किङ र ढल निकासका लागि कुल ल.ई.बमोजिमको रकम १,२२,००,०००।-(अक्षरेपी एक करोड बाइस लाख मात्र) मध्ये जिल्ला समन्वय समितिबाट रु ५०,००,०००।-(अक्षरेपी पचास लाख मात्र) माग गर्ने र निर्देशिकाको को दफा ८ को उपदफा १ (क) बमोजिम कम्तीमा चालिस प्रतिशत लागत साझेदारी गर्नुपर्ने ब्यवस्था भएकोमा बाँकी नपुग हुन आउने रकम रु ७२,००,०००।-(अक्षरेपी बहत्तर लाख मात्र) नगरपालिकाले ब्यहोर्ने प्रतिवद्धता जनाउँदै योजना अगाडी बढाउने निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १८

सु.न.पा ७ निवासी प्रेम बहादुर भट्टराईले दोश्रो कृति प्रतिताप भन्ने उपन्यास प्रकाशन गरेकोमा प्रोत्साहन स्वरुप रु २०,०००।(अक्षरेपी बिस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १९

जनता समाजवादी पार्टी,नेपालको मिति २०७८।०६।११ गतेको निवेदन अनुसार कार्यक्रम संचालनको आर्थिक सहयोग माग भई आएकोमा रु २०,०००।( अक्षरेपी बिस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २०

सु.न.पा ७ मा रहेको राम जानकी मन्दीरमा विवाह पन्चमीको अवसरमा विवाह महोत्सव आयोजना गर्दा लागेको खर्च रकम रु २०,०००। आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २१

सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौको च.नं १८९३ मिति २०७८।०३।०६ गतेको पत्र अनुसार यस नगरपालिकाको लागि स्वीकृत कार्यक्रम अनुसार तेह्र मुरे चौतारा सालिमर्याङ हुँदै सिउँडिबार सडक(२.५० कि.मि)मर्मतको लागत रु ४३,१५,८७०.१(अक्षरेपी त्रिचालिस लाख पन्ध्र हजार आठ सय सत्तरी रुपैंया दश पैसा मात्र)मध्ये सडक बोर्ड नेपालको तर्फबाट रु ३०,००,०००।(अक्षरेपी तिस लाख मात्र) र बाँकि रकम नगरपालिकाको लगानी रहेको ।यस योजना सम्झौतामा उल्लेख भए बमोजिम कार्य सम्पन्न गर्ने समयावधि २०७८ कार्तिक मसान्तसम्म रहेतापनि कोभिड १९ र निर्माण सामाग्रीको उपलब्धतामा कठिनाइका कारण समयमै सम्पन्न हुन नसकेकोले २०७८ माघ मसान्त सम्म म्याद थप गर्न प्रशासकीय निर्णय भई कार्यपालिकामा पेश भएकोमा २०७८ माघ मसान्त सम्म म्याद थप गर्ने निर्णयलाई अनुमोदन गर्ने साथै सोको लागि सडक बोर्डमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २२

नेपालको संविधान धारा २४१ मा स्थानीय तहको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखा परीक्षण ऐन २०७५ को दफा २०(२) मा महालेखा परीक्षकले प्रत्येक गाँउपालिका र नगरपालिकाको लेखा परीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही बमोजिम यस सुन्दरबजार नगरपालिकाको आ.व.२०७४।७५, ०७५।०७६, ०७६।०७७ र ०७७।०७८ को आर्थिक कारोबारको लेखा परीक्षण सम्पन्न गरी कैफियत सहितको प्रतिवेदन प्राप्त भएको । यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७८।०३।०५ मा बसेको १०० औं बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम तीन सदस्यीय लेखा समिति गठन गरी हामीलाई महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गर्दा औल्याईएका बेरुजु रकमहरु माथि अध्ययन एवम् छलफल गरी नियमानुसार नियमित गर्न सकिने बेरुजुको प्रतिवेदन तयार गरी सम्परीक्षणका लागि कारवाही अघि बढाउने प्रयोजनका लागि नगरसभामा पेश गर्ने अधिकार प्रत्यायोजन भए बमोजिम लेखा समितिको मिति २०७८।०४।०८ गते बसेको बैठकले गरेका दुई वटा निर्णय,२०७८।०४।१९ गते बसेको बैठकले गरेका दुई